# कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल पुष महिना १ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय बिर्तामोडबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाइने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) ऋणीको विवरण**

नगेन्द्र प्रसाद माझीको छोरी गथरलाल माझीको बुहारी प्रेम लाल माझीको पत्नी झापा जिल्ला अनारमनी वडा नं. ९ हाल, विर्तामोड न.पा. वडा नं. ४ बस्ने **ममता देवी माझी** (ना.प्र.नं. : ०४३०१२/२० जारी मिति र जिल्ला : २०६३/१२/२८, झापा)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

खोपरु माझीको नाति गथर लाल माझीको छोरा झापा अनारमनी वडा नं. ९ हाल, बिर्तामोड न.पा. वडा नं. ४ बस्ने **प्रेम लाल माझी** (ना.प्र.नं. : ०२/२७०२ जारी मिति र जिल्ला : २०६२/१२/१४, झापा)

**२) ऋणीको विवरण**

विष्णु लाल पुरीको नाति ज्ञानबहादुर पुरीको छोरा झापा जिल्ला अर्जुनधारा वडा नं. ६ हाल, बिर्तामोड न.पा. वडा नं. ५ बस्ने **सरोज पुरी** (ना.प्र.नं. : ०४१०११/२१७ जारी मिति र जिल्ला : २०६४/१०/०८ , झापा)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

रघुनाथ गिरीको छोरी ज्ञान बहादुर पुरीको बुहारी सरोज पुरीको पत्नी धनकुटा जिल्ला बाँधे गा.वि.स वडा नं. १ हाल, झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ५ बस्ने **यम कुमारी गिरी** (ना.प्र.नं. : ०७-१०-६९-०००२१ जारी मिति र जिल्ला : २०६९/१०/२७, धनकुटा)

**३) ऋणीको विवरण**

हेपा राजवंशीको नाति तुफान राजवंशीको छोरा झापा जिल्ला बुधबारे वडा नं. ९ हाल, बुद्धशान्ति गा.पा. वडा नं. ३ बस्ने **सलेश राजवंशी** (ना.प्र.नं. : ४०४१४१४५ जारी मिति र जिल्ला : २०५५/१२/१४, झापा)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

तुफान राजवंशीको नाति सलेश राजवंशीको छोरा झापा जिल्ला बुधबारे गा.वि.पा. वडा नं. ९ हाल, बुद्धशान्ति गा.पा. वडा नं. ३ बस्ने **दिनेश राजवंशी** (ना.प्र.नं. : ०४-०१-७३-००३३९ जारी मिति र जिल्ला : २०७३/०१/१३, झापा)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**